"समृद्ध छथर निर्माणको आधार : शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम

कोशी प्रदेश, नेपाल

आ.व.:-२०८३।०८४

सू.नं.:- ०४

फोन नं ०२६-४२००९९

### सूचि दर्ता तथा मौजुदा सूचीमा अद्यावधिक गर्ने सम्बन्धी सूचना।

मितिः२०८३/०५/०४ गते।

प्रस्तुत विषयमा यस छथर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका लागि आ.व. २०८३।०८४मा आवश्यकता भएको बखत मालसामन वा सेवा खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम १८ बमोजिम निरन्तर सूचिकृत हुन सक्ने व्यवस्था भएकाले देहाय बमोजिमको मालसामन आपुर्ति तथा मर्मत, परामर्श तथा अन्य सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, संस्था, फर्म, कम्पनी,आपुर्तिकर्ता,निर्माण व्यवासयी, परामर्शदाता, गैरसरकारी संस्थाले तोकिएको ढाँचा(सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूचि-२(क))मा यस गाउँपालिकाको कार्यालयमा तोकिएको ढाँचामा आवेदन दर्ता गराउनु पर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त निवेदनउपर छानविन गरी सूचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ एकभन्दा बढी शिर्षकमा सूची दर्ता गर्नुपरेमा छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्ने छ। साथै रित नपुगी प्राप्त हुने निवेदनउपर कुनै कारवाही हुने छैन।

**खरिद, आपुर्ति तथा मर्मत सम्बन्धी:**

१. स्टेशनरी, मसलन्द, पत्र-पत्रिका र कार्यालय सम्बन्धी अन्य सामान आपुर्ति सम्बधी।
२. छपाई तथा मर्मत सम्बन्धी।
३. मेशिनरी औजार (कम्प्युटर, ल्याप्टप, प्रिन्टर, फोटो कपी, स्क्यानर, मोबाइल, मोडेम एबम् अन्य इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामान) आपूर्ति तथा मर्मत।
४. फर्निचर तथा फर्निसिङ् सामानको आपूर्ति तथा मर्मत सम्बन्धी।
५. सवारी साधन (दुई पाङ्ग्रे, चार पाङ्ग्रे) आपुर्ति पाटपुर्जा तथा मर्मत सम्बन्धी।
६. सार्वजनिक निर्माण तथा मर्मत (धारा, विजुली, शौचालय समेत) तथा रंगरोकन सम्बन्धी।
७. सोलार जडान आपुर्ति तथा सोको मर्मत सम्बन्धी।
८. कृषिजन्य बोटबिरुवा विषादी, मल औषधी सम्बन्धी।
९. पशुजन्य जनावर, पंक्षी, औषधि सम्बन्धी।
१०. स्थानीय संचार माध्यम मार्फत सूचना तथा सन्देश प्रशारण सम्बन्धी।
११. इन्टरनेट सेवा, वेवसाइट तथा नेटवर्किङ् सम्बन्धी सेवा आपुर्ति सम्बन्धी।

**परामर्श तथा अन्य सेवा तर्फ:**

१. सफ्टवेयर निर्माण/इमेल/इन्टरनेट एसएमएस आपुर्ति सम्बन्धी।
२. DPR, Master Plan (भवन, सडक, जलस्रोत आदि)।
३. तालिम, सीप विकास तथा गोष्ठी, सेमिनार संचालन गर्ने।
४. विज्ञहरुको परामर्श सेवा(प्रोफाइल), गुरुयोजना सम्बन्धी।
५. गैर सरकारी संस्था र परामर्श सेवा प्रदायक संस्थाहरु।
६. वित्त एवं लेखा तालिम।

**आवश्यक कागजातहरू:**

१. नविकरण सहितको संस्था वा फर्म दर्ताको प्रमाण-पत्रको प्रतिलिपि।
२. स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाण-पत्रको प्रतिलिपि।
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. अन्य सम्बन्धित प्रमाण-पत्रहरू।
५. आवश्यकता अनुसार व्यवसायीक इजाजत पत्र।

अग्नी प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

नोटः आर्थिक वर्ष २०८३।०८४ मा यस कार्यालयमा सूचिकृत हुनको लागि प्रति सूचि दर्ता वापत रू. ५००।- मात्र राजश्व जम्मा गर्नु पर्ने छ।

"मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणका लागि"

Email : chhathargaupalika@gmail.com, ito.chhatharmun@gmail.com, info@chhatharmun.gov.np
Phn no. 026-420099/420100 Web: www.chhatharmun.gov.np